पुर्वीचौकी गाउँपालिका

# पुर्वीचौकी राजपत्र

खण्डः १ संख्याः १ मितिः 2062/02/22

भाग

गाउँपालिका भित्र कृषि तथा पशुपन्छी पालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण र आधुनिकीकरणका लागि प्रोत्साहन गर्न गाउँ कार्यपालिकाबाट स्वीकृत पशु , कृषि विकास क्षेत्रको वार्षिक कार्यक्रम व्यवस्थित, सरलिकृत र पद्धति मुलरुपले सञ्चालन गर्न वाञ्छनीय भएकाले पूर्वीचौकी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

# पूर्विचौकी गाउँपालिकाको कृषि तथा पशुपंक्षी पालन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७८

## प्रस्तावना

गाउँपालिका भित्र कृषि तथा पशुपन्छी पालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण र आधुनिकीकरणका लागि प्रोत्साहन गर्न गाउँ कार्यपालिकाबाट स्वीकृत पशु कृषि विकास क्षेत्रको वार्षिक कार्यक्रम व्यवस्थित , सरलिकृत र पद्धति गुणस्तरयुक्त सञ्चालन गर्न वाञ्छनीय भएकाले पूर्वीचौकी गाउँपालिका , गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भीक

**१ संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम कृषि तथा पशुपन्क्षी पालन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि पूर्वीचौकी गाउँपालिका , गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

(३) यो कार्यविधि पूर्विचौकी गाउँपालिका भर लागु हुनेछ ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१) "गाउँपालिका" भन्नाले पूर्विचौकी गाउँपालिकालाई जनाउँछ ।

२) "आवेदक" भन्नाले अनुदान प्रयोजनकालागि पूर्विचौकी गाउँपालिकाको कृषि/पशु शाखा, वडा तथा गाउँपालिकामा आवेदन दिएका कृषक, कृषि फर्म, पशुपंछी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारी, दुध सहकारी, मासु पसल, नर्सरी, घास खेती, सामुहिक गोठ संचालक, कृषि पशु तथा मत्स्य पालक कृषक समेतलाई जनाउँछ ।

३) फर्म भन्नाले नियम अनुसार दर्ता भएका फर्मलाई जनाउँछ ।

**३) उद्देश्यहरु :**

१) कृषि तथा पशुपंछीजन्य वस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्धि गरी कृषक परिवारलाई रोजगार तथा स्वरोजगार एवं व्यवसायिक रुपमा आत्मनिर्भर बनाउने ।

२) कृषि तथा पशुपंछी क्षेत्रमा लगानीलाई बढाई व्यवसायिकता र उद्यमशीलताको प्रवर्धन गर्ने ।

३. कृषक तथा स्थानीय युवाहरुलाई उनीहरु व्यवसायिक प्रवृत्तिमा प्रोत्साहन गर्ने ।

४. एकल महिला, विपन्न, दलित, मधेसी, युवा तथा आदिवासी जनजातिलाई प्रत्येक प्रवृत्तिमा समान सहभागिता गर्ने ।

५. बेरोजगारलाई रोजगार तथा स्वरोजगार कार्यक्रममा सहभागी हुन १८ देखि [illegible] वर्ष उमेरसमूहकालाई सहभागी हुन पाउनेछ ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रकिया

३. **आवेदन माग गर्न सक्ने :**

(१) अनुदान कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्नका लागि कृषि पशु सेवा शाखाले अनुसूचि १ अनुसार सूचना प्रकाशित गरी आवेदन माग गर्नेछ । उक्त सूचना गाउँपालिकाको वेबसाइट, सूचनापाटी तथा शाखा कार्यालयको सूचनापाटी र वडा कार्यालयका सूचनापाटीमा टाँस गर्नु पर्नेछ ।

(२) अनुदान कार्यक्रममा सहभागी हुन चाहने फर्म/संस्था/समूह व्यक्तिले उपदफा १ बमोजिम सूचना अनुसार आवेदन पेश गर्दा आवेदकले अनुसूचि २ बमोजिम निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

क. फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि एक/एक प्रति, समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।

ख. सम्बन्धित वडा कार्यालयले कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नपाएको वा विगतमा सहयोग प्राप्त गरेको भए कुन शिर्षकमा कति अनुदान लिएको हो सो खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा खुलेको वडा कार्यालयको सिफारिस ।

ग. आवेदकले आफूले सञ्चालन गर्ने व्यवसायको अनुसूची ३ बमोजिमको कार्ययोजना प्रस्ताव ।

घ. फर्म वा व्यवसाय सञ्चालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षको लागि जग्गा भाडामा लिएको करारनामा कागजको प्रतिलिपि ।

ङ. आर्थिक सञ्चालन हुने वार्षिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि ।

३)	साना तथा मझौला कृषकहरुलाई समेत व्यवसायिक पशुपालनमा प्रोत्साहन गर्ने ।

४)	एकल महिला, विपन्न, दलित, अपांग, युवा तथा आदिवासी जनजातिलाई समेत पशुपालनमा समान सहभागीता गर्ने ।

५)	बेरोजगारलाई रोजगार तथा स्वरोजगार कार्यक्रममा सहभागी हुन १८ देखि ५१ बर्ष सम्मकोकाले सहभागी हुन पाउँनेछ ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

४)	**आवेदन माग गर्न सक्ने :**

१)	अनुदान कार्यक्रम स्वीकृत बार्षिक कार्यक्रम अनुसार संचालन गर्नका लागि कृषि/पशु सेवा शाखाले अनुसूचि १ अनुसार सूचना प्रकाशित गरी आवेदन माग गर्नेछ । उक्त सूचना गाउँपालिकाको वेवसाइट, सूचनापाटी तथा शाखा कार्यालयको सूचनापाटी र वडा कार्यालयका सूचनापाटीमा टाँस गर्नु पर्नेछ ।

२)	अनुदान कार्यक्रममा अनिवार्य रुपमा फर्म/संस्था/समूह व्यक्तिले उपदफा १ बमोजिम सूचना अनुसार आवेदन पेश गर्दा आवेदकले अनुसूचि २ बमोजिम निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

क)	फर्म वा संस्थाले प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि एक/एक प्रति, समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

ख)	सम्वन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए कुन शिर्षकमा कति अनुदान लिएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा खुलेको वडा कार्यालयको सिफारिस ।

ग)	आवेदकले आफूले सञ्चालन गर्ने व्यवसायको अनुसूची ३ बमोजिमको परियोजना प्रस्ताव ।

घ)	फर्म वा व्यवसाय सञ्चालनमा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षको लागि जग्गा भाडामा लिएको करारनामा कागजको प्रतिलिपि ।

ङ)	कार्यक्रम संचालन हुने आर्थिक बर्षको सम्पत्ति कर तथा भुमिकर तिरेको रसिदको प्रतिलिपि ।

च)	वडा कार्यालयबाट कृषक वर्गिकरण फारमको प्रतिलिपि ।

छ)	अनुसुचि ४ बमोजिमको स्वघोषणा पत्र ।

ज)	दर्ता नभएको कृषकहरुको हकमा दफा ४ को उपदफा २ (ख) , (ग),१ (छ) र आवेदन अनुसुचि अनुसार दिनु पर्नेछ ।

३)	**आवेदन संकलन** : दफा ४ को उपदफा २ बमोजिम पेश भएका आवेदनहरु कृषि पशु सेवा शाखा वा सम्बन्धित वडा कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

**पुनश्च:** रु ५० हजार वा सो भन्दा माथिको अनुदानको कार्यक्रमको लागि अनिवार्य रुपमा कृषि पशु व्यवसाय दर्ता गरेको हुनुपर्नेछ ।

## परिच्छेद ३

५)	गाउँपालिकाले हाललाई संचालन गर्ने अनुदानका कार्यक्रमहरु र त्यसको न्यूनतम मापदण्ड निम्न बमोजिम रहकोछ ।

**५.१ पशु कार्यक्रम तर्फ :**

(क)	मासु पसल सुधार : मासु पसलमा अनिवार्य रुपमा वेसन , सेतो टायल डी फ्रिज र फोहोर व्यवस्थापन गर्नुपर्नेछ ।

(ख)	गाई /भैंसी /भेडा /बाख्रा/ बंगुर /कुखुरा

१	व्यावसायिक कार्यक्रमको लागि दर्ता भएका फर्महरुले मात्र आवेदन गर्न पाउनेछ ।

२	भेडा बाख्रा कम्तीमा २५ वटा र १ वटा ब्याड हुनुपर्नेछ ।

३	बंगुरको लागि ३ वटा माउ हुनुपर्नेछ ।

४	गाई भैंसी कम्तीमा २ वटा दुहुना वा ब्याउने हुनुपर्नेछ ।

५	व्यावसायिक कुखुरा पालनको लागि लोकल २००, लेयर्स ५०० र ब्रोइलर ३०० वटा हुनुपर्नेछ ।

६	व्यावसायिक फर्महरुलाई न्यूनतम ५०, ०००। देखि अधिकतम रु २ लाख ५० हजार सम्म अनुदान दिन सक्नेछ ।

(ग)	**नश्ल सुधारको लागि ब्याड पशु अनुदान कार्यक्रम**

१	गाई भंसी कमतीमा २ वटा हुनुपर्ने ।

२	भेडा बाख्राको लागि कम्तीमा १५ वटा माउ हुनुपर्नेछ ।

३	बंगुरको लागि कम्तीमा ३ वटा सम्म प्रजनन् योग्य माउ हुनुपर्नेछ।

४	ब्याड कम्तीमा ३ वर्ष पाल्नु पर्नेछ तर १ ब्याड / साढे १ वर्ष पछि हाडनाताबाट जोगिनका लागि बदला गरी निरन्तरता दिनु पर्नेछ।

(घ) गोठ भकारो सुधार कार्यक्रम

१ गोठ / भकारो सुधार कार्यक्रमको लागि कमतीमा २ वर्ष पुगेको २ गोटा गाई / भैंसी हुनुपर्नेछ।

२ डेरीमा दुध बिक्रि गर्नेलाई प्राथमिकता दिइनेछ।

५.२ कृषि कार्यक्रम सञ्चालन तर्फ

(क) अर्गानिक खेती प्रणाली सञ्चालन

(ख) मौसमी तथा बेमौसमी तरकारी खेती

(ग) नगदे तथा मसला बाली

(घ) फलफुल खेती

(ङ) मौरीपालन व्यवसाय

(च) सिंचाई कार्यक्रम (साना सिंचाई, थोपा सिंचाई, हिउदे सिंचाई र प्लास्टिक पोखरी)

(छ) नर्सरी ब्याड ( एकल / बहुउद्देश्य )

(ज) कृषि उपजको बजार व्यवस्थापन

## परिच्छेद ४

## छनौट प्रकिया तथा व्यवस्थापन अनुगमन र मूल्यांकन

### ६ छनौट प्रक्रिया

६.१ रितपूर्वक पेश हुन आएका आवेदनहरुको आधारमा सम्वन्धित वडा कार्यालयको वडा समितिले आवेदन दिने अन्तिम दिनको सात (७) दिन भित्र पेश हुन आएका प्रस्तावहरुलाई प्राथमिकीकरण गरी गाउँपालिकामा छनौटको लागि सिफारिस गरी पठाउनेछ।

नोट : गत दुई आर्थिक वर्ष भित्र अनुदान लिएको कृषक व्यावसायिक फर्मले पुन: अनुदानको लागि आवेदन गर्न पाउने छैन।

### ७ प्रस्तावको मूल्यांकन तथा छनौट :

७.१ वडा कार्यालयबाट आएका प्रस्ताव मूल्याङ्कन गर्ने र छनौट गर्ने उद्देश्य एवं यस प्रक्रियालाई व्यवस्थापन गर्ने उद्देश्यले गाउँपालिकामा देशाय बमोजिमको अनुदान व्यवस्थापन समिति रहने छ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष : | संयोजक |
| (ख) | गाउँपालिकाको उपाध्यक्ष : | सदस्य |
| (ग) | आर्थिक विकास समिति संयोजक : | सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| (ङ) | योजना अनुगमन शाखाका प्रमुख : | सदस्य |
| (च) | लेखा प्रमुख : | सदस्य |
| (छ) | कृषि तथा पशु सेवा शाखा प्रमुख : | सदस्य |

८ **मूल्याङ्कनका आधारहरु** : मूल्याङ्कनका आधारहरु अनुसूची ५ मा उल्लेख भए अनुसार हुनेछ ।

९ अनुदान व्यवस्थापन समितिले छनौट चरणमा पेश हुन आएका प्रस्ताव वडाबाट प्राथमिकिकरण गरिएको प्रक्रियामा अस्पष्ट भएमा पुन: वडा कार्यालयलाई थप प्रक्रियाको लागि निर्देशन दिन सक्नेछ ।

१० **छनौट भएको सूची प्रकाशन** : मुल्यांन तथा छनौट समितिबाट निर्णय भई सिफारिस भएका कृषक , कृषक समूह सहकारी फर्महरुको सुची प्रकाशन सम्बन्धित शाखाले गर्नेछ ।

११ सम्झौता र कार्यको थालनी गाउँपालिकाको नियम बमोजिम सम्बन्धित लाभग्राही सँग सम्झौता गरी कार्यक्रम कार्यान्वय गर्नेछ । यसको व्यवस्थापन गर्ने जिम्मेवारी कृषि / पशु सेवा शाखाको हुनेछ ।

१२ **कार्यक्रम अनुगमन समिति** : पूर्वीचौकी गाउँपालिकाद्वारा सञ्चालन गरिने कृषि तथा पशु विकास कार्यक्रम अनुदान कार्यान्वयन प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका[illegible] | |
| ख) | आर्थिक [illegible] उपाध्यक्ष : | संयोजक |
| ग) | स[illegible] विकास समितिको संयाजक | सदस्य |
| घ) | [illegible]न्धि वडाको वडाध्यक्ष | सदस्य |
| ङ) | योजना हेर्ने प्राविधिक | सदस्य |
| | कृषि तथा पशु सेवा शाखा प्रमुख | सदस्य |

## परिच्छेद ५

### भुक्तानी प्रक्रिया

१३) अनुदान रकम र भुक्तानी प्रक्रिया :

१) गाउँपालिकाले निम्न बमोजिमको कागजात पेश भई प्रक्रिया पुरा गरेको खण्डमा अनुदानको भुक्तानी दिनेछ ।

क) भुक्तानीका लागि निवेदन

ख) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ग) वडा तथा गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन

घ) आवश्यक बील भरपाई

ङ) अनुदान कार्यक्रम संचालन भएको स्थलको फोटो २ प्रति

च) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्य सम्पन्न भएको निर्णयको प्रतिलिपि

छ) सम्बन्धित शाखाको कार्य सम्पन्न प्रतिवेदनको सिफारिस

कार्यक्रम संचालनको लागि कुनैपनि पेश्की दिइनेछैन ।

**१४) भुक्तानी दिन वाध्य नहुने :**

१) अनुसूचि ६ अनुसार सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन वाध्य हुनेछैन ।

२) सम्झौता गरेको आर्थिक बर्षको अन्त्यसम्ममा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी गरिनेछैन ।

## परिच्छेद ६

### विविध

क) **कार्यविधि संशोधन तथा परिमार्जन :** यो कार्यविधि कार्यान्वयन को सम्बन्धमा कुनै दुविधा वा वाझिन आएमा सोको व्याख्या गर्ने वा यस कार्यविधि संशोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

ख) **खारेजी :** कार्यपालिकाले अर्को कार्यविधि लागु गरेको खण्डमा यो कार्यविधि स्वतः खारेज हुनेछ ।

## अनुसूचि १

**कृषि तथा पशुपालन सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचना ढाँ**

पूर्विचौकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय कृषि/पशु सेवा शाखा

सानागाउँ, डोटी

**कृषि/पशु पालन सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति.................................................................

यस कार्यालयको आ. व. ...........................................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार युवाहरुलाई ...........................................सम्बन्धि कार्यक्रमका माध्यमबाट रोजगार/स्वरोजगार प्रदान गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक वेरोजगार कृषक/कृषक समूह/कृषक सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र तोकिएको ढाँचा अनुरुप तपशिलका कागजात सहित प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१) अनुसूचि २ अनुरुपको आवेदन

२) अनुसूचि ३ अनुरुपको संक्षिप्त कार्ययोजना

३) अनुसूचि ४ अनुरुपको घोषणा पत्र

४) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

५) व्यवसाय दर्ता/गत आ.व.को करचुक्ता/पान नं. आदिका प्रतिलिपि

६) जग्गाको लालपुर्जा/भाडामा भएका कम्तीमा ५ वर्षको सम्झौता पत्र

## अनुसूचि २

## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढाँचा

मिति :.......................................

श्री कृषि/पशु सेवा शाखा प्रमुख/वडा अध्यक्ष ज्यू ................... वडा कार्यालय
पुर्विचौकी गाउँपालिका, कृषि/पशु सेवा शाखा ........................... वडा कार्यालय
सानागाउ, डोटी

**विषय : कार्यक्रम अनुदान सम्बन्धमा ।**

प्रस्तुत विषयमा पूर्विचौकी गाउँपालिका, कृषि/पशु सेवा शाखा बाट मिति .............. मा प्रकाशित सूचना अनुसार.................................. शिर्षक अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु :**

क) फर्म वा संस्थाले प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक/एक प्रति

(ख) सम्बन्धित वडा कार्लयले कार्यक्रम सञ्चालनमा दोहोरा सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए कुन शिर्षकमा कति अनुदान लिएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा खुलेको सिफारिस पत्र ।

(ग) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि

(घ) आवेदकले आफूले सञ्चालन गर्ने व्यवसायकाको अनुसूची ३ अनुसार को परियोजना प्रस्ताव

(ङ) फर्म वा व्यवसाय सञ्चालनमा रहेको जग्गा धनी प्रमाण पत्र पूर्जाको प्रतिलिपि
नियम बमोजिम कम्तीमा ५ वर्ष भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

(च) कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भुमिकर तिरे को रसिदको प्रतिलिपि

(छ) वडा कार्यालयको कृषक वर्गीकरण फारमको प्रतिलिपि

(ज) अनुसूची ४ अनुसारको स्वघोषण।

निवेदकको

दस्तखत :.............................

नाम,थर :.............................

ठेगाना :...............................

सम्पर्क नम्बर :.......................

छाप :...................................

**व्यवसायी फर्म सञ्चालनका लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमुना**

**व्यवसायी फार्म परियोजना प्रस्ताव**

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :

(क) आवेदकको नाम ,थर :

(ख) पूर्ण ठेगाना ( सम्पर्कका लागि ) :

(ग) संस्था दर्ता भएको मिति :

(घ) स्थायी लेखा नम्बर :

(ङ) संस्थाको मुख्य उद्देश्य :

(च) प्रोपाईटर वा अध्यक्षको नाम :

(छ) मोबाइल नम्बर :

(ज) परियोजना स्थल(कार्यक्षेत्र) :

(झ) परियोजनाको नाम :

(ञ) प्रस्तावित आयोजनाको कुल खर्च ( यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेस गर्ने ) :

(ट) गाउँपालिकाबाट माग गरेको कुल अनुदान रकम रु :

(ठ). अन्य श्रोत वा वित्तिय सहकार्यमा कुनै काम भइरहेको भए कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तिय सहयोग पाउनु भएको छ खुलाउनुहोस् ।

(ड) प्रस्तावना पेश गर्ने व्यक्ति वा संस्थाको नाम :

(२) प्रस्तावनाको औचित्य तथा महत्व

तालिका ........................................को हालको व्यवसायको अवस्था

| सि.नं. | हालको व्यवसाय | व्यावसायिक आकार. | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कुल अनुमानित (आम्दानी) रु | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३) अपेक्षित उपलब्धीहरु र वार्षिक उत्पादन विवरण

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धीहरु तपसिल बमोजिमका हुनेछन्

व्यवसायको आकार

वार्षिक उत्पादन

वार्षिक जम्मा आम्दानी

रोजगारी सिर्जना

४ परियोजनका मुख्य मुख्य क्रियाकलापहरु

| सि.नं | क्रियाकलाप विवरण | इकाई | परिमाण | | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| | | | नयाँ | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | | |
| | | | | | | | |

५) फर्मले साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधि :

६) **खर्च विवरण**

(क) स्थिर खर्चको विवरण : कृषि यन्त्र उपकरणहरु गोठ , भवन , तारवार पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पुर्व वस्तु खरिद पूर्व सञ्चालन खर्च आदि ।

| सि.नं | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख) चालु खर्चको विवरण ( एक वर्षको मात्र ) : कामदार , मल, विउ, दाना, घाँस व्यवस्थापन ,रोकथाम व्यवस्थापन आदि ।

| सि.नं | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

७ लागत साझेदारी

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण :

| सि.नं | विवरण | जम्मा खर्च | परियोजनाको पहिलोवर्षकोरु | अनुदान उपलब्ध गराउनेकार्यालय वा संस्थाको रु | अनुदानग्राही लागत रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

कृषकको नाम थर

ठेगाना

हस्ताक्षर

सम्पर्क नम्बर

## अनुसूचि ४

## स्वघोषणा

लिखितम यसै डोटी जिल्ला पुर्विचौकी गाउँपालिका आगे पुर्विचौकी गाउँपालिका वडा नं. ............ बस्ने वर्ष ............ को म .................................... ले गत दुई आर्थिक वर्ष भित्र कुनै पनि सरकारी निकाय तथा अन्य संघ संस्थाबाट अनुदान स्वरुपको रकम अन्य कुनै पनि सुविधा नलिएको व्यहोरा ठिक साँचो हो , झुठा ठहरिए कानून बमोजिम सहौला बुझौला साथै यस कार्यक्रम सञ्चालन गर्दा लाग्ने कुल रकम मध्ये अनुदान रकमसा नपुग सम्पूर्ण रकम आफैं लगानी गर्न मन्जुर भई यो स्वघोषणा पत्र मा सहि छाप गरिदिएँ।
ईति सम्वत् २०७....... साल ................ महिना ............. गते ..........

शुभम् ।

**<u>सहिछाप गर्ने</u>**

नाम,थर :

ठेगाना :

दस्तखत :

फोन नं. :

| दायाँ | बायाँ |
|---|---|
| | |

**<u>रोहवर</u>**

नाम ,थर

पद :

कार्यालय

## अनुसूचि -५
### दफा ८ सँग सम्बन्धित

| सि.न. छनौटका आधारहरु अंक | |
|---|---|
| १ फर्म दर्ता भएको | २० |
| | ३ वर्ष भन्दा अधिकोले २० अंक |
| | २ वर्ष देखि ३ सम्मकाले १५ अंक |
| | १ वर्ष देखि २ सम्मकोले १० अंक |
| | १ वर्ष भन्दा कमकोले ५ अंक |
| २ सम्बन्धित विषयमा तालिम | ५ |
| | ७ दिन भन्दा बढी भए ५ अंक |
| | ७ दिन भन्दा कम भए ३ अंक |
| लक्षित वर्ग | १५ |
| | अति विपन्न भए १५ अंक |
| | सिमान्तकृत दलित तथा जनजाती भए १० अंक |
| | अन्य भए ५ अंक |
| व्यवसायिकरण | १० |
| | सामुहिक भए १० अंक |
| | व्यक्तिगत भए ५ अंक |
| कार्यक्रम सञ्चालनका लागि पूर्वाधार भएको | २० |
| सम्वन्धित व्यवसायबारे अनुभव भए | १० |
| प्रस्तावकको मुख्य पेशा | २० |
| (क) भेडा बाखा | २५ भन्दा बढी माउ भएकोले २० अंक |
| | २० भन्दा बढी माउ भएकोले १५ अंक |
| | १० भन्दा बढी माउ भएकोले १० अंक |
| | १० भन्दा कम भएकोले ५ अंक |
| ख) गाई ,भैंसी तथा बंगुर | ३ भन्दा बढी माउ भएकोले २० अंक |
| | २ भन्दा बढी माउ भएकोले १५ अंक |
| | १ वा १ भन्दा बढी भएकोले १० अंक |

| | |
|---|---|
| ग कुखुरा ( लेयर्स, ब्रोइलर, लोकल) | |
| | ५०० भन्दा बढी भएकोले २० अंक |
| | ३०० भन्दा बढी भएकोले १५ अंक |
| घ माछा पोखरी | ३०० भन्दा कम भएकोले १० अंक |
| | २ रोपनीमा भन्दा बढी पोखरी भएकोले २० अंक |
| ङ तरकारी खेती | २ रोपनीमा भन्दा कम पोखरी भएकोले १५ अंक |
| | १० रोपनीमा गर्नेलाई २० अंक |
| | ८ रोपनीमा गर्नेलाई १५ अंक |
| च च्याउ खेती | ५ रोपनीमा गर्नेलाई १० अंक |
| | ८ रोपनीमा गर्नेलाई २० अंक |
| | ६ रोपनीमा गर्नेलाई १५ अंक |
| छ मौरीपालन | ४ रोपनीमा गर्नेलाई १० अंक |
| | ३० घार पाल्नेलाई २० अंक |
| | २० घार पाल्नेलाई १५ अंक |
| ज आलु खेती | १० घार पाल्नेलाई १० अंक |
| | १० रोपनीमा गर्नेलाई २० अंक |
| | ८ रोपनीमा गर्नेलाई १५ अंक |
| | ६ रोपनीमा गर्नेलाई १० अंक |
| झ व्यावसायिक रुपमा टनेलमा तरकारी खेती | व्यवसायिक रुपमा ८ वटा टनेलमा खेती गर्ने कृषकलाई २० अंक |
| | व्यवसायिक रुपमा ६ वटा टनेलमा खेती गर्ने कृषकलाई १५ अंक |
| ञ खाद्यान्न बाली ( धान, मकै, कोदो, गहुँ) | व्यवसायिक रुपमा ४ वटा टनेलमा खेती गर्ने कृषकलाई १० अंक |
| | १५ रोपनीमा खाद्यान्न बालीको खेती गर्नेलाई २० अंक |
| | १० रोपनीमा खाद्यान्न बालीको खेती गर्नेलाई १५ अंक |
| ट नगदेबाली ( अलैची, अदुवा, बेसार) | ८ रोपनीमा खाद्यान्न बालीको खेती गर्नेलाई १० अंक |
| | १५ रोपनीमा नगदे बालीको खेती गर्नेलाई २० अंक |
| | १२ रोपनीमा नगदे बालीको खेती गर्नेलाई १५ अंक |
| | ८ रोपनीमा नगदे बालीको खेती गर्नेलाई १० अंक |

## अनुसूचि -६

## व्यावसायिक फर्म सञ्चालनको लागि सम्झौता पत्रको नमुना

श्री पूर्वीचौकी गाउँपालिका ...................... शाखा र यस पछि पहिलो पक्ष भनिने र डोटी जिल्ला पुर्वीचौकी गाउँपालिका वडा नं ..... मा स्थापना भएको श्री ...................... का प्रोपराइटर वा अध्यक्ष (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी/ सहकार्यमा आ.व. २०७७/०७८ को स्वीकृत व्यवसायिक फर्म स्थापना सहयोग कार्यक्रम पूर्वीचौकी गाउँपालिका वडा नं. ...... सञ्चालन गर्न तपशिल बमोजिम का सर्तका अधिनमा रहि यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौ दियौ ।

कार्यक्रमको नाम : ..............................................................

**तपशिल**

१ यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२ दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार ............. व्यवसाय .................. ( व्यवसायको फर्मको कुल लागतको बढीमा रु ...................... ( अक्षररुपी ...................... रकम अनुदान स्वयं पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३ कार्य सम्पन्न पश्चात कार्य योजना सम्झौता अनुसारको काम सकिएपछि मात्र अनुदान रकम एकमुष्ट उपलब्ध गराईनेछ ।

४ लागत इष्टमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ ।

५ सम्झौता भएको मितिले १५ दिन भित्र व्यक्ति तथा व्यवसायिक फर्म स्थापना को लागत इष्टमेट कार्ययोजना अनुसार कार्य सुरु गरिसक्नुपर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वतः रद्द हुनेछ ।

६ दोस्रो पक्षले यहि २०७७ साल .......... महिना....... गते ....... भित्र लागत इष्टमेट अनुसार कार्य सम्पन्न गरी सक्नुपर्नेछ ।

७ दोस्रो पक्षले लागत इष्टमेट /कार्ययोजना अनुसारका क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्का पट्टा कार्यक्रम दिन पाईने छैन।

८ यस सम्झौता मा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागु हुनेछ ।

९ दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्कने गरी सबले देखिने स्थानमा होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
| नाम, थर | नाम,थर |
| पद : | पद: |
| कार्यालयको छाप | संस्थाको नाम र छाप |
| मिति : | मिति : |

**रोहबर :**

नाम थर :

पद :